सरुमारानी गाउँपालिका

# मासिक ई-बुलेटीन

अंक १३ संवत २०८१ साल असार ०३ गते https://sarumaranimun.gov.np

## सरुमारानी पूर्ण खोप सुनिश्चता पालिका घोषणा सम्पन्न ।



"स्थानीय श्रोतको उपयोग, स्वामित्व र सहभागिता पूर्ण खोप पालिका, हाम्रो प्रतिबद्धता " भन्ने नाराका साथ सरुमारानी गाउँपालिकालाई पूर्ण खोप सूनिश्चता पालिका मिति २०८१।०२।०१ घोषणा गरिएको छ । जिल्ला समन्वय समिति प्युठानका प्रमुख तथा जिल्ला खोप समन्वय समिति प्युठानका संयोजक धरम बहादुर जि.सी.ले पूर्ण खोप सुनिश्चितता घोषणा गर्नु भएको थियो । कार्यक्रममा पालिकालाई पूर्ण खोप सुनिश्चितता प्रमाणपत्र समन्वय प्रमुख जी.सी.ले सरुमारानी गाउँपालिकालाई उपाध्यक्ष बसन्ता खड्कालाई हस्तान्तरण गर्नु भएको थियो। सो अवसरमा सरुमारानी गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत देवीराम पाठकले खोप सुनिश्चितता घोषणा गर्न सहयोग गर्ने कर्मचारीलाई धन्यवाद दिँदै खोपले बालबालिकामा विभिन्न रोगबाट बच्ने प्रतिरोधात्मक क्षमता बढ्ने भएकाले खोपबाट बालबालिकालाई वञ्चित गराउन नहुने बताउनु भएको थियो।

सबै वडालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपन घोषणा गरिएको र हाल सोही तथ्याङ्क र सूचकका आधारमा पूर्ण खोप सुनिश्चितता गाउँपालिका घोषणा गरिएको सरुमारानी गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख टेकेन्द्र रायमाझीले बताउनु भएको थियो। "राष्ट्रिय खोप तालिका अनुसार पालिकाका ६ वटै वडाका खोप लगाउने उमेर समूहका बालबालिकाले खोप लगाएको सुनिश्चित गरिएपछि पूर्ण खोपयुक्त सुनिश्चित पालिका घोषणा गरिएको हो।" प्रत्येक वडामा वडास्तरीय खोप समन्वय समितिले पालिकालाई बालबालिकाले खोप लगाएको सुनिश्चित गरेपछि पालिकालाई पूर्ण खोपयुक्त पालिका सुनिश्चितता घोषणा गरिएको घोषणा कार्यक्रममा जानकारी दिइएको थियो ।

खोप लगाउने उमेर समूहका सबै बालबालिकाले खोप लगाएको सुनिश्चित भएपछि पालिकालाई पूर्ण खोपयुक्त पालिका सुनिश्चितता घोषणा गरिएको स्वास्थ्य कार्यालय प्युठानका प्रमुख हेमराज पाण्डेले बताए ।

पूर्ण खोपयुक्त पालिका सुनिश्चितता घोषणा गर्नुअघि गाउँपालिककाले प्रत्येक घरधुरीमा स्वास्थ्यकर्मीहरू पुगेको, पूर्ण खोप सुनिश्चितताको लागि घरधुरी सर्वेक्षण गरिएको र गाउँपालिका भरि जन्मेदेखि १५ महिना भित्र पाउनु पर्ने सबै खोप १६-५९ महिनासम्मको बालबालिका सर्वेक्षण गरि १ हजार ४ सय १० जना बालबालिका रहेको कुरा स्वास्थ्य शाखा प्रमुख

रायमाझीले बताउनु भएको थियो ।उक्त घोषणा कार्यक्रममा सबै स्वास्थ्य संस्था प्रमुख र प्रत्येक वडाबाट एक/एक जना गरी ६ जना लाई महिला सामुदायिक स्वाथ्य स्वयंसेविकालाई उत्कृष्ट छनोट गरि सम्मान गरिएको थियो। साथै जन्म देखि २४ महिनाको उमेर सम्म तोकिएको समयमा नियमित वृद्धि (तौल) अनुगमन गराउने, १५ महिनाको उमेर भित्र सबै खोप समयमै लगाउने, नियमित वृद्धि (तौल) अनुगमन गराउने, १५ महिनाको उमेर भित्र सबै खोप समयमै लगाउने र स्वस्थ बच्चाको अभिभावकलाई प्रत्येक वडाबाट ३/३ जना गरी जम्मा १८ जना आमाहरुलाई नगद तथा प्रमाण पत्र सहित सम्मान गरिएको थियो ।





# पशु स्वास्थ्य घुम्ति शिविर सम्पन्न


सरुमारानी गाउँपालिकाको किसान संग गाउँ सरकार कार्यक्रम अनुसार निशुल्क पशु स्वास्थ्य घुम्ती शिविर सम्पन्न भएको छ । मिति २०८१/०२/०३ गते सरुमारानी गाउँपालिकाको वडा नं. ६ बुढीचौरबाट शुरुवात गरिएको उक्त कार्यक्रम मिति २०८१।०२।२५ गते वडा नं ३ मा सम्पन्न गरिएको थियो । शिविरबाट ५०१ घरपरिवारका ११३६४ पशुपन्छीहरुमा औषधी उपचार तथा १९ वटा कुकुर विरालोलाई रेविज विरुद्धको खोप लगाउने कार्य सम्पन्न साथै अन्य प्रविधिक परामर्श सेवा समेत प्रदान गरिएको थियो ।







# मेलमिलापकर्ताहरुको लागि दुई दिने पुनर्ताजगी तालिम  सम्पन्न




सरूमारानी गाउँपालिका न्यायिक समितिको आयोजनामा गाउँपालिकाका उपाध्यक्ष बसन्ता खड्काको अध्यक्षतामा, गाउँ पालिकाका अध्यक्ष श्री झग बहादुर विश्वकर्माको प्रमुख आतिथ्यतामा,६ वटै वडाका १८ जना मेलमिलाप कर्ता तथा न्यायिक समितिका सदस्यहरूको सहभागीतामा र महिला विकास शाखाका शाखा प्रमुख साधना सिंह ठकुरीको संचालनमा " मेलमिलाप कर्ताहरूको लागि २ दिने पुनर्ताजगी तालिम" सरुमरानी गाउँपालिकाको बहुउद्देश्यीय सभाहल बड्डाँडामा सम्पन्न भएको छ । उक्त तालिमको सहजीकरण कानुन अन्वेषण तथा स्रोत विकास केन्द्र (सेडाई)का अधिवक्ता अर्जुन कुमार अधिकारी र अधिवक्ता तथा सरूमारानी गाउँपालिकाका कानुनी सल्लाहकार कृष्णप्रसाद आचार्यले गर्नु भएको थियो ।







# रैथाने बाली प्रवर्द्धन कार्यक्रम सम्पन्न





**रैथाने** बाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत स्थलगत रैथाने बालीको खेति सम्बन्धि तालिम सरूमारानी गाउँपालिका वडा नं ५ बुढीचौर श्री अदुवा उत्पादन महिला कृषक समूहका कृषक सदस्य , वडा ५ सृजनशिल कृषि सहकारी संस्था लि. का कृषकहरु र सरुमारानी गाउँपालिका वडा नं ६ पाङवाङमा श्री वेथिखोला कृषि तथा पशुपालन कृषक समूहलाई एक दिने स्थलगत रैथाने बाली खेती सम्बन्धी तालिम सम्पन्न भएको छ । उक्त तालिमा ७८ जना कृषक सदस्यहरु लाभान्वीत भएका थिए ।






# कार्यशाला गोष्ठी सम्पन्न




CRS/NHSRP को प्राविधिक सहयोगमा,सरूमारानी गाँउपालिकाको आयोजनामा अध्यक्ष झग बहादुर विश्वकर्माको अध्यक्षतामा,उपाध्यक्ष बसन्ता खडका,प्रमुख प्रशासकिय अधिकृत देविराम पाठक,वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरू,सम्वन्धित शाखा प्रमुखहरू,महिला विकास समिति,दलित उत्थान समिति,अपांग संजाल र युवा संजालका संयोजकहरूको सहभागीतामा, प्रशासन शाखा प्रमुख लक्ष्मण आचार्यको संचालनमा र CRS/NHSRP का प्रकाश बि.क,प्रकाश बस्नेत र राजेश कुमार राईको सहजिकरणमा"विपद जोखिम न्युनीकरण तथा व्यवस्थापनमा लैङ्गिक समानता,अपांगता तथा सामाजिक समावेशीकरण कार्यशाला गोष्ठी"गाउँपालिकाको हलमा मिति २०८१।०२ ।१४ गते सम्पन्न भएको छ । संघ र प्रदेश सरकारमा विपद जोखिम न्युनीकरण तथा व्यवस्थापनमा लैङ्गिक समानता,अपांगता तथा सामाजिक समावेशीकरण नीति निर्माण भएको र स्थानीय सरकारले पनि यो नीति निर्माण गर्ने तथा कार्यान्वयन गर्ने लगाएतका विषयमा समेत छलफल गरिएको थियो ।









# अभिमुखिकरण कार्यक्रम सम्पन्न

सरुमारानी गाउँपालिकाका उपध्यक्ष श्री बसन्ता खड्का को अध्यक्षतामा बालविवाह अन्त्यका लागि प्रदेशस्तरीय रणनीतिको कार्यान्वयन सम्बन्धी अभिमुखिकरण कार्यक्रम मिति २०८१।०२।१६ गते सरूमरानी गाउँपालिकामा सम्पन्न भएको छ ।बालबिवाह अन्त्यका लागि प्रदेशस्तरीय रणनीतीक कार्य र आगामी दिनहरुमा प्रदेशले चाल्नु पर्ने कदम सम्बन्धी छलफल तथा अन्तरक्रिया भएको थियो ।








## वार्षिक नीति कार्यक्रम तथा बजेट सम्बन्धी राय सुझाव संकलन कार्य सम्पन्न



सरूमारानी गाउँपालिकाको आयोजनामा गाउँपालिकाका अध्यक्ष झग बहादुर विश्वकर्माको अध्यक्षतामा,उपाध्यक्ष बसन्ता खड्का, राजनीतिक दलका प्रतिनिधिहरूको आतिथ्यतामा,वडा अध्यक्ष ,कार्यपालिका सदस्यहरू, प्रतिनिधि मुलक विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू, प्रतिनिधि मुलक प्र.अ.हरू, सहकारी संस्थाका प्रतिनिधिहरू, गाउँपालिकाका विभिन्न विकास समितीका संयोजकहरू, युवा क्लवका प्रतिनिधिहरू, महिला स्वास्थ्य स्वयम् सेविकाहरू, अन्य सरोकारवालाहरूको उपस्थितिमा,गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत देविराम पाठकको स्वागतमा र प्रशासन शाखाका शाखा प्रमुख लक्ष्मण आचार्यको संचालनमा " आ.व.०८१/०८२ को लागि वार्षिक नीतिकार्यक्रम तथा बजेट तर्जुमा सम्वन्धी राय सुझाव संकलन कार्यक्रम" बहुउद्देश्यीय सभाहल बड्डाँडामा मिति २०८१।०२।२४ गते सम्पन्न भएको थियो । उक्त कार्यक्रममा सरोकारवालाहरूले लिखित तथा मौखिक राय सुझाव व्यक्त गर्नु भयो ।








# अपाङ्गता सम्बन्धी २ दिने अभिमूखिकरण कार्यक्रम सम्पन्न

सरुमारानी गाउँपालिकाको आयोजनामा अपाङ्गता सम्बन्धि दुई दिने अभिमूखीकरण कार्यक्रम अपाङ्गता भएका व्यक्ति, अभिभावक, तथा सरोकारवालाको सहभागितामा सम्पन्न भएको छ। गा.पा. उपाध्यक्ष बसन्ता खड्काज्यू तथा गा.पा. प्रवक्ता चिन्त बहादुर सोमै मगरज्यूको अध्यक्षता, प्यूठान जिल्ला प्रहरी प्रमुख इश्वर थापाज्यू, प्यूठान जिल्ला न्यायाधिवक्ता कर्ण बहादुर बुढा क्षेत्रीज्यूको आतिथ्यतामा, अपाङ्ग महासंघ लुम्बिनी प्रदेश सचिवालय सदस्य जुमान सिं के.सीज्यू. को सहजीकरणमा गरिएको थियो। उक्त कार्यक्रममा गाउँपालिका स्तरीय ११ सदस्यीय अपाङ्गता सञ्जालको पुनर्गठन गरिएको छ।











सम्पर्क नं:

अध्यक्षः झग बहादुर विश्वकर्मा (९८४७९६१३५९)

उपाध्यक्षः बसन्ता खड्का (९८४४९१८५८४)

प्रमुख प्रशासकीय अधिकृतः देविराम पाठक (९८५७८३६०२२)

सूचना अधिकारीः शिव राज न्यौपाने (९८४५४४०७७३)

**प्रकाशकः**

**सरुमारानी गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**बड्डाँडा,प्यूठान ।**

**facebook: https://www.facebook.com/SarumaraniGapa**
**website:sarumaranimun.gov.np**
**email:sarumarani2073@gmail.com**
**phone no:9857836022**